# थाहा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

ईन्द्रायणीचौर,मकवानपुर, बागमतीं प्रदेश, नेपाल

## शिलवन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

सूचना नं. खरिद : ०१/०७७/०७८

प्रथम पटक प्रकाशित मिति : २०७७/०७/१९

यस कार्यालय अर्न्तगतका स्वास्थ्य संस्थाहरुलाई चालु आ.व. २०७७/०७८ को लागि आवश्यक पर्ने औषधी तथा सर्जिकल सामानहरु सिलबन्दी दरभाउ पत्रबाट खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त रजिष्टर्ड निर्माता कम्पनी, फर्म वा सप्लायर्सहरु बाट देहायको शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलबन्दी बोलपत्र तपशिलको शर्तहरू पालना हुने गरी सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाइट www.bolpatra.gov.np/egp मार्फत पेश गर्नुहुन आह्वान गरीएको छ ।

शर्तहरु

१) दरभाउ पत्र फाराम खरिद गर्न इच्छुक फर्म, उद्योग, कम्पनी, संस्था वा व्यक्तिहरुले सूचना प्रकाशित भएको मितिले ३० औं दिन सम्म कार्यालय समय भित्र चालु आ.व. को लागि नवीकरण भएको स्थानीयतहमा व्यवसाय दर्ता ,फर्म दर्ता प्रमाणपत्र, स्थायी लेखा दर्ता प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्र एवम् आ.व. २०७६/०७७ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि वा म्यादथपको पत्र, औषधी व्यवस्था विभागवाट प्राप्त इजाजतपत्रको प्रमाणित प्रतिलिपि, समेत सलग्न गरि रु. १०००। राजश्व दस्तुर (फिर्ता नहुने) गरी यस थाहा नगर कार्यपालिकाको आन्तरिक खाता ०५०८४०११५५७३८१२१ दाखिला गरि खरिद गर्न सकिनेछ ।

२) खरिद गरिएको शिलवन्दी दरभाउपत्र फाराम, सूचना प्रकाशित भएको मितिले ३१औं दिन दिनको १२:०० वजेभित्र यस नगरपालिकाको नाममा सम्बोधन गरी शिलवन्दी दरभाउ पत्र फाराम पेश गर्नेको नाम, ठेगाना र फोन नं. उल्लेख गरी सही छाप गरी शिलवन्दी लाहाछाप सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाइट www.bolpatra.gov.np/egp मार्फत तोकिएको समय भित्रै दर्ता गराई सक्नुपर्नेछ । सो शिलवन्दी दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन दिउसो २:०० बजे विभिन्न कार्यालयका प्रतिनिधि र दरभाउपत्रदाता वा निजहरुको अख्तियारीनामा दिई पठाएका प्रतिनिधिको रोहवरमा खोलिने छ । दरभाउपत्र खोलिने दिन सार्वजनिक विदा पर्न गएमा सो दिनको भोलिपल्ट सोही समयमा हुनेछ । दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । साथै दर्ता गर्ने अन्तिम दिन १२ बजेभित्र प्रत्येक Item को Sample अनिवार्य पेश गर्नुपर्ने छ ।

३) दरभाउपत्र कर्ताले खरिद कारवाहीमा भागलिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नवाभिएको र सम्वन्धित पेशा वा व्यवसाय सम्वन्धी कसुरमा कुनै सजाय नपाएको भनी लिखित रुपमा स्वःघोषणा गरेको कागजात शिलवन्दी दरभाउपत्र साथ पेश गर्नु पर्नेछ ।

४) शिलवन्दी दरभाउपत्रसाथ जमानत वापत तपसिलमा उल्लेख गरे वमोजिमको जमानत रकम थाहा नगरपालिका नगर कार्यपालिकाको कार्यालयको नाममा कृषि विकास वैंक लिमिटेड शाखा कार्यालय, पालुङ मकवानपुरमा रहेको धरौटी खाता नं. ०५०८४०११५५७३८०३०मा दाखिला गरेको सक्कलै वैंक भौचर वा यस नगर कार्यपालिकाको नाममा मान्यताप्राप्त वैंकवाट जारी गरिएको दरभाउपत्र दाखिला हुने अन्तिम दिनवाट गणना हुने गरी ७५ दिन अवधि (Validity) रहेको सक्कल वैंक जमानतपत्र (Unconditional Bidbond) संलग्न गरी पेश गर्नुपर्ने छ ।

५) दररेट अक्षर र अंक दुवैमा लेख्नु पर्नेछ । अक्षर र अंकमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । साथै पेन्सिलले लेखेको, टिपेक्स लगाई लेखेको ठाउंमा दायांवायां हस्ताक्षर नगरेकोलाई मान्यता दिइने छैन ।

६) GMP/WHO/CI प्रमाणपत्र अनिवार्य पेश गरेको हुनपर्ने छ । अन्यथा मूल्यांकन गरिने छैन ।

७) खरिद गरिने औषधी तथा सर्जिकल सामानको प्रयोग गर्ने अवधि यस कार्यालयमा दाखिला हुंदा कम्तिमा अठार महिना बांकी रहेको हुनुपर्नेछ र १८ महिना एक्सपाइरी म्याद हुनेको हकमा प्रयोग गर्ने अवधि कम्तिमा ७५ प्रतिशत बाकि रहेको हुनपर्नेछ ।

८) म्याद नाघी आएको वा रीत नपुगेको वा कुनै पनि शर्त राखी पेश गरेको दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन ।

९) पेश भएको दरभाउपत्र आंशिक रुपमा वा पूर्णरुपमा स्वीकृत गर्ने वा रद्घ गर्ने अधिकार यस कार्यालयमा निहित रहने छ । दरभाउपत्र सम्वन्धी अन्य कुराहरु बुझ्नु परेमा यस नगरपालिका कार्यालयमा आई वुझ्न सकिने छ ।

१०) दरभाउपत्र दाखिला गर्दा यस कार्यालयको अधिकार प्राप्त अधिकारीको दस्तखत र कार्यालयको छाप लगाएको दरभाउपत्र फाराम खरिद गर्नुपर्नेछ र सोही फारामको प्रत्येक पानामा दरभाउपत्र दाताको फर्म वा कम्पनीको छाप र दस्तखत गरी पेश गर्नु पर्नेछ । एउटा फर्म वा कम्पनीले खरिद गरेको दरभाउपत्र फाराम अर्को फर्म वा कम्पनीले दाखिला गर्न पाउने छैन यदि सो अनुसार भएको पाइएमा निजको दरभाउपत्र रद्घ गरिनेछ ।

११) दरभाउपत्रको मान्य अवधि दरभाउपत्र खोलिएको दिनदेखि गणना हुने गरी कम्तिमा ४५ दिनको हुनुपर्नेछ.।

१२) आफूले सप्लाई गर्ने प्रत्येक औषधी, औषधी व्यवस्था विभागमा दर्ता भएको हुन पर्नेछ । औषधीको प्याकिङ वाहिर औषधीको जेनेरीक नाम, औषधीको उत्पादन मिति, एक्सपायरी मिति, व्याच नं., उत्पादक कम्पनीको नाम स्पष्टसंग उल्लेख भएको हुनु पर्नेछ । औषधीको प्याकिङ वाहिर तथा प्रत्येक स्ट्रीपमा "नेपाल सरकारवाट नि:शुल्क वितरणको लागि वा यो औषधी विक्रीका लागि होइन" भनी प्याकिङमा उल्लेख भएको हुनपर्नेछ ।

१३) आइटमवाइज वा एक मुष्ट मूल्यांकन गर्ने अधिकार पूर्णरुपमा मूल्यांकन समितिमा रहने छ । कार्यालयको आवश्यकतानुसार आशिंक वा एक मुष्ट लिने अधिकार खरिद समितिमा रहने छ ।

१४) शिलबन्दी दरभाउपत्र सम्वन्धी सम्पूर्ण कुराहरु यसमा उल्लेख भएकोमा उल्लेख भए बमोजिम र यसमा नभएका हकमा सार्वजनिक खरिद ऐन, २०६३,(संशोधन) सहित सार्वजनिक खरिद नियमावली, २०६४(संशोधन)सहित तथा नेपाल सरकारका अन्य ऐन, नियमहरु बमोजिम हुनेछ ।

| क.सं. | ठेक्का नं. | कामको विवरण | दरभाउ पत्रको दस्तुर | लगत अनुमान ( मू.अ.क. बाहेक) | जमानत रकम | दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति | दरभाउपत्र खोल्ने अन्तिम मिति |
|---|---|---|---|---|---|---|---|
| १. | IFB-NCB-Medicine-08/077/078 | औषधी तथा सर्जिकल सामान खरिद | १००० | १०६२०००/- | ३००००/- | २०७७/०७/१९ | २०७७/०८/१९ |